प्रदेश सरकार
लुम्बिनी प्रदेश
☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकामः बुटवल, नेपाल

( कर्मचारी प्रशासन शाखा)

पाना नं.-१

पत्र संख्या:- २०७७/७८
चलानी नं.:- ९४०८

मितिः २०७७/१२/०१

श्री उपमहानगरपालिका, नगरपालिका र गाँउपालिका सबै
लुम्विनी प्रदेश, नेपाल ।

बिषयः कर्मचारी पदपुर्ति सम्वन्धमा ।

कर्मचारी समायोजन ऐन २०७५ को दफा १२(१) मा प्रदेश वा स्थानीय तहको सेवाको लागि दफा ३ बमोजिम कायम गरिएको दरवन्दीमा दफा ६ र ७ बमोजिम समायोजन गर्दा समेत त्यस्तो दरवन्दी पुर्ति हुन नसकेमा सम्वन्धित प्रदेश वा स्थानीय तहले प्रदेश लोक सेवा आयोगमा पदपुर्तिको लागि अनुरोध गरि पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेकोछ ।

सोहि दफाको उपदफा २ मा सम्वन्धित प्रदेश वा स्थानीय तहको सेवा सम्वन्धी कानुन नवनेसम्म निजमती सेवा सम्वन्धी प्रचलित कानूनको व्यवस्था बमोजिम पदसंख्या निर्धारण गरी पदपुर्ति गरिनेछ । सोहि दफाको उपदफा ३ मा उपदफा २ बमोजिम अनुरोध प्राप्त भएमा प्रदेश लोक सेवा आयोगले पद रिक्त रहेको सम्वन्धित स्थानीय तह खुलाई विज्ञापन गर्नेछ र उपयुक्त उम्मेदवारलाई नियुक्तिको लागि सम्वन्धित स्थानीय तहमा नै सिफारिश गर्नेछ ।यसरी सिफारिश भएका कर्मचारीलाई सम्वन्धित प्रदेश वा स्थानीय तहले नियुक्ती दिनु पर्नेछ ।

सो सम्वन्धमा मिति २०७७/१०/१८ गते भएको प्रदेश समन्वय परिषद्को चौथो बैठकबाट निर्णय नं ११ मा नेपालको संविधानको अनुसुची एवम कार्य विस्तृतिकरण प्रतिवेदन बमोजिमको कार्यजिम्मेवारी र कार्यसम्पादन गर्न नेपाल सरकार बाट प्रदेश तथा स्थानीय तहका लागि स्वीकृत संगठन संरचना र दरवन्दी विवरण बमोजिम आवश्यक प्राविधिक तथा अप्राविधिक जनशक्ति व्यवस्थापन गर्ने सन्दर्भमा नेपाल सरकारबाट प्रदेश र स्थानीय तहका लागि स्वीकृत रिक्त दरवन्दीमा आवश्यक जनशक्ति पुर्ति गर्न उक्त दरवन्दीको विवरण संकलन र विश्लेषण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश लोक सेवा आयोगमा माग आकृति फारम भरी पठाउने भनि भएको निर्णयको सन्दर्भको समेतको आधार्मा तपसिल बमोजिमको प्रावधान र संलग्न ढाँचा बमोजिम विवरणमा प्रदेश लोक सेवा आयोगमा माग गर्ने प्रयोजनार्थ विवरण १५ दिन भित्र तयार गरि (Soft copy , Kalimati font मा Excel Sheet समेत) पठाउनुहुन यस कार्यालयको मिति २०७७/११/२६ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

माग आकृति फारम सगै देह्याय बमोजिमका विवरण अनिवार्य संलग्न गरी पठाउनुपर्ने छ ।

क) नेपाल सरकारबाट स्वीकृत स्थायी संगठन संरचना र दरवन्दी विवरण अनुसारको दरवन्दीमा समायोजन तथा लोक सेवा आयोगबाट स्थायी पदपुर्ति भई रिक्त दरवन्दीमा मात्र पदपुर्ति गर्नु पर्ने आवश्यक दरवन्दी विवरण र संख्या सहितको तोकिएको ढाँचाको विवरण ।

ख) पदपुर्तिको लागि माग गर्ने विवरणलाई गाँउ कार्यपालिका/ नगर कार्यपालिका वाट निर्णय गराई पछि सम्म फरक नपर्ने व्यहोरा एकिन गरी भएको निर्णय प्रतिलिपि ।


Email: info.ocmcm@lumbini.gov.np, Facebook Page: www.facebook.com/OCMCM.P5,
Twitter: @OCMCMP5, Website: ocmcm.lumbini.gov.np

प्रदेश सरकार
लुम्बिनी प्रदेश

☎ : ०७१-५४००१४
☎ : ०७१-५५०६१०

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मुकाम: बुटवल, नेपाल

( कर्मचारी प्रशासन शाखा)

पाना नं.- २

पत्र संख्या:- २०७७/७८
चलानी नं.:- ९४०८

ग) माग अनुसार सिफारिश भएका उम्मेद्वारलाई सम्वन्धित स्थानीय तहले नै स्थायी नियुक्ती दिने र निजहरुको सेवा शर्त तथा सुविधा पछि वन्ने स्थानीय सेवाका कर्मचारी सम्वन्धी वन्ने कानुन बमोजिम हुने विषय उल्लेख गरी भएको निर्णय ।

घ) रितपुर्वक माग आकृतिको फारम साथ नेपाल सरकार बाट स्वीकृत स्थायी संगठन संरचना र दरवन्दी विवरणको प्रमाणित प्रतिलिपि ।

विवरण तयार गरि पठाउने ढाँचा

| सि. न. | पदको नाम | तह | सेवा/समुह /उपसमुह | जम्मा स्वीकृत स्थायी दरवन्दी संख्या | पदपुर्ति भएको स्थायी कर्मचारी संख्या | जम्मा रित्त संख्या | पदपुर्तिको लागि प्रदेश लोक सेवा आयोग माग गर्ने संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

नोट: उल्लेखित ढाँचामा एकमुष्ठ विवरण excell मा kalimati font तयार गरि soft copy समेत र पदगतरुपमा प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को अनुसूची -१ बमोजिमको ढाँचामा भरेको फाराम पठाउनुहुन अनुरोध छ ।

Soft copy पठाउने Mail : kapra.cmofficep5@gmail.com

०७८/१२/०९

.................................
प्रेम बहादुर गौतम
अधिकृत सातौ